<u>बैठक संख्याः ४३</u>

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७८।१०।२८ गते शुक्रबार बिहान ११.३० बजे बसेको बैठकका निर्णयहरुः-

१. यस समितिबाट आमन्त्रित अर्थ मन्त्रालयका सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव तथा सार्बजनिक खरिद अनुगमन कार्यालयका सचिवज्यूहरुसँग विकास सम्बन्धी नीति तथा पूँजीगत खर्च हुन नसक्नुका कारण र समाधानका उपायका सन्दर्भमा समिति समक्ष आ-आफ्ना धारणा प्रस्तुत गर्नु भयो। यसरी प्रस्तुत गर्नु भएको धारणाउपर माननीय सदस्यहरुले आ-आफ्ना जिज्ञासा राख्नु भयो।

२. अर्थ मन्त्रालयका सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव तथा सार्बजनिक खरिद अनुगमन कार्यालयका सचिव लगायतले माननीय सदस्यहरुले राख्नु भएका जिज्ञासाहरुको जवाफ दिँदै विकास सम्बन्धी नीति तथा पूँजीगत खर्च हुन नसक्नुका कारण र समाधानका उपायका सन्दर्भमा ठेक्का पद्धतिमा सुधार, विकास निर्माणमा अन्तर निकायसँगको समन्वय र सहकार्य, विकास निर्माणको योजना छनौटमा सुधार, निर्माण व्यवसायीको क्षमतामा सुधार, भुक्तानी प्रकृयमा सुधार, आयोजना प्रमुखको खटनपटन तथा सरुवाको मापदण्डमा सुधार, मुअब्जा दिने कार्यमा सुधार, सार्बजनिक खरिद ऐन, नियम तथा नीति लगायतमा सुधार तथा पुनरावलोकन गरेमा मात्र पूँजीगत खर्चमा सुधार हुने धारणा प्रस्तुत गर्नु भयो।

३. देहाय बमोजिमका निर्णयहरु कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सार्बजनिक खरिद अनुगमन कार्यालयलाई निर्देशन दिनेः-

   " मुलुक भरीका सार्बजनिक निकायले निर्माण ठेक्का दिनासाथ र ठेक्का प्राप्त गरेपछि भुक्तानी हुनासाथ सार्बजनिक खरिद अनुगमन कार्यालयमा सूचना प्राप्त भई Database तयार गर्ने र तोकिएको सीमा नघाएर ठेक्का निर्माण व्यवसायीले लिएको पाइएमा सो रद्द गर्ने तथा त्यस्तो ठेक्का लिएका कारण वेहोर्नु परेको क्षतिको क्षतिपूर्ति त्यस्तो निर्माण व्यवसायीबाट भराउने कानूनी व्यवस्था गर्न। "

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।